

मुनामदन
महाकवि लक्ष्मीप्रसाद देवकोटा

# महाकवि लक्ष्मीप्रसाद देवकोटा-को मुनामदन खण्डकाव्य-मा मानवतावाद

देवकुमार दमाई
उपप्राध्यापक, नक्सलबारी महाविद्यालय

# कवि परिचयः-

- लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली साहित्यका विराट र बहुमुखी प्रतिभा मानिन्छन्।
- १९९१ सालमा '**पूर्णिमाको जलधि**' र **'गरिब'** कवितामाफर्त् नेपाली साहित्यमा उदाएका देवकोटाको प्रथम खण्डकाव्य मुनामदन (१९९२) हो।
- देवकोटाका अन्य खण्डकाव्यहरू हुन्-
- कुञ्जिनी (२००२), बसन्ती (२००९), राजकुमार प्रभाकर (१९९७), म्हेन्दु (२०१५), रावणजटायु युद्ध (२०१५), लुनी, सीताहरण, दुष्यन्त-शकुन्तला भेट, मायाविनी सर्सी आदि हुन्।

* मुनामदन, कुञ्जिनी, बसन्ती, म्हेन्दु र लूनी लोकलय वा झ्याउरे छन्दमा लेखिएका छन्।

*प्रवृतिका आधारमा देवकोटा मूलतः स्वच्छन्दतावादी कवि हुन्।

* उनका खण्डकाव्यात्मक रचनाहरूमा तीब्र संवेदनशीलता, अति भावुकता र विराट् कल्पनाशीलता पाइन्छ।

•मानवतावादी चिन्तन, राष्ट्रिय चेतना, प्राकृतिक सभ्यताको गुणगान, ग्रामीण परिवेशप्रति विशेष आकर्षण, युगबोध, अन्याय र अत्याचारका विरूद्ध तीब्र हुङ्कार, प्रकृतिका विविध रूपको चित्रणजस्ता विशेषताहरूलाई यिनका खण्डकाव्यहरूले आत्मसात् गरेका छन्।

•भौतिकवादी जीवनदृष्टिलाई भन्दा अध्यात्मवादी जीवनदृष्टिलाई महत्व दिने काम खण्डकाव्यकार देवकोटाबाट भएको छ। उनका खण्डकाव्यहरू मूलतः प्रेम, विरह र मानवताकेन्द्री देखापर्छन्।

**•मुनामदन खण्डकाव्यमा मानवतावादी दृष्टिकोणः-**

•मुनामदन खण्डकाव्यमा मानवतावादी दृष्टिकोणलाई अघिसार्ने काव्यकार देवकोटाले शहर र गाँउको तुलना गरेका देखिन्छ।

•शहरका तुलनामा ग्रामीण जीवन नै स्वच्छ र निस्वर्थ रूपमा अघिबढेको हुन्छ भनी तर्क पेश गर्ने देवकोटा मदनका शहरीया साथीहरूले बिरामी भएका बेला एक्लै बाटामा छोडेर हिडेको प्रसंगको उल्लेख गर्दछन्।

•निस्वर्थ मानव सेवामा जुटेको ग्रामीण भोटेको उदारतालाई मानवताको उच्च नमुनाको रूपमा प्रस्तुत गरेका छन्।

•भोटेले मदनको उपचार गरि स्वस्थ्य बनाउन र त्यसको बदलामा कुनै चीज लिन पनि अस्वीकार गर्नु उसको महान विचार हो।

आफूलाई पुनः जीवन दिने भोटेलाई आफूसँग भएको सुन उपचारको गुण तिर्नको लागि दिन खोज्दा भोटे लिन मान्दैन। उल्टै बरू भोटे यसो भन्छ-

"के गर्छ मैले पहेंलो सुनले ?
रोपेर सुन उम्रन्न क्यार ? के गर्छ सुनले ? " (सोह्रौ संस्करण, पृ.२९)

-"यो गुन कैले म तिर्न सक्छु तैपनि माग न " (पृ.३०) भनेर भन्दा, भोटे जवाबमा भन्छ-

"मौकाले पायो त्यो गुन लाउन,
गुनको सट्टा लिँदैन हामी, सम्झेर जाऊ न।" (पृ.३०)

उनले गाउँले भोटेबाट गरिएको मानव सेवाको प्रशंसा गरेका छन्। धनप्राप्तिको उनको दृष्टिकोण भोटेको निम्न शब्दबाट व्यक्तिएको छ-

के गर्नु सुन? के गर्नु धन? दैवले चुँडेको,
यो केटाकेटी खाँदैन सुन, लाउँदैन गहना।
आकाशमाथि जहान मेरो बादल छ गहना !” (पृ.२९)

**निष्कर्षः** वासु रिमाल ‘यात्री’ का भनाइमा “वास्तवमा मुनामदन सानो समुद्र हो जहाँ पौडन नजान्ने किनारमा नुहाउँछन् र पौडन जान्ने असीम गहिराइमा पस्छन्।”

।" सामान्य र प्रबुद्ध पाठकलाई समान रूपमा रूचिकर हुने यो काव्य यसको कथावस्तु, यसमा देखिएको यथार्थ र आदर्श, यसमा सरल भाषामा व्यक्त विचार र मानवीय भावनाहरू तथा यसका सरल र लोकलयबद्ध पदावली नै हुन्। देवकोटाले मुनामदनलाई सर्वश्रेष्ठ कृति भनेका थिए र मृत्युशय्यामा पनि मेरा सबै कृति जलाइदिनु, मुनामदन मात्र रहिरहोस् भनेका थिए। यसरी देवकोटा नेपाली साहित्यका सर्वश्रेष्ठ पुरूष बन्छन् मुनामदन कै आधारमा। डा. कविता लामा भन्छिन्- "मुनामदनमा महाकवि देवकोटाले मुना र मदनको अमर प्रेम कथा मात्र होइन, गरिबी र बिछोडको आँसु, अभाव र अपुगको चर्को आवाज तथा युगीन यथार्थ र परिवेशको काव्यात्मक चित्रण पाइन्छ। यसमा जातीय संस्कृतिको तीब्र चेतना तथा उदार मानवतावादी जीवनदर्शन मुखारित भएको छ।" (भृकुटी, पृ.23)

धन्यवाद